**कनकाई नगरपालिका**
**नगर कार्यपालिका बैठक**
**मिति २०८१/१२/७** **बैठक संख्या १३**

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्तावको व्यहोरा</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।</td><td>अघिल्लो बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा छलफल गरियो। अधिकांश निर्णय कार्यान्वयन भएका र केहि कार्यान्वयन चरणमा रहेको पाईयो।</td></tr>
<tr><td>२</td><td>कर्मचारी पदपूर्ति सम्बन्धमा</td><td>कनकाई नगरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्रमा र रोजगार सेवा केन्द्रमा तपशीलको कर्मचारी करार सेवामा पदपूर्ति गर्ने।
<table>
<tr><th>क्र स</th><th>पद</th><th>तह</th><th>संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>अ. हे.ब.</td><td>४</td><td>३</td><td>आधारभूत स्वा.से.के.दुर्गापुर,इलुवाबारी, चम्पापुर</td></tr>
<tr><td>२</td><td>अ .न.मी</td><td>४</td><td>१</td><td>आधारभूत स्वा.से.के.दुर्गापुर</td></tr>
<tr><td>३</td><td>रोजगार सहायक</td><td>५</td><td>१</td><td>कनकाई नगरपालिका</td></tr>
</table>
</td></tr>
<tr><td>३</td><td>भुक्तानी सम्बन्धमा।</td><td>कनकाई नगरपालिकाको आ.व २०८१/८२ मा संचालित अपाङगता भएका व्यक्तिहरुको स्वास्थ्य शिविरमा भएको खर्च विनियोजित बजेटबाट अपुग भएकाले कनकाई नगरपालिकाको आ.व.२०८१/८२ को चालु खर्च को कार्यक्रम शीर्षकबाट खर्च लेख्ने गरि कार्यक्रममा भएको खर्च रु २७८५८० भुक्तानी दिने।</td></tr>
</table>

Scanned with CamScanner

| | | |
|---|---|---|
| ४ | नगर हस्पिटलको भेरिएसन सम्बन्धमा । | कनकाई नगरपालिकाको आ.व.२०७७/७८ मा **KANAKAI/NCB/WORKS/5/2077/78** १५ शैयाको नगर अस्पताल निर्माणका लागि मिति २०७८/०६/२२ गते कनकाई नगरपालिका र कार्की बन्धु कन्स्ट्रक्सन प्रा .लि विराटनगर बीच रकम रु ५६५१९५३८.८९ मा सम्झौता भइ मिति २०८०/१०/१ गते सम्मको कार्य सम्पन्न भएकोमा तोकिएको समयसीमा सम्म निर्माणकार्य पुरा नभएकाले पहिलो पटक म्याद थप मिति २०८०/१०/२२ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार २०८१ पौष मसान्त सम्म भएकोमा पुन २०८१/१०/१४ कार्यपालिकाको बैठकको निर्णयनुसार दोस्रो पटक २०८१ असार मसान्त सम्म म्याद थप भएको छ ।नगर अस्पताल निर्माणका क्रममा निर्माण व्यवसायीबाट प्राप्त निवेदन तथा प्राविधिक शाखाबाट प्राप्त प्राविधिक प्रतिवेदनका आधारमा नगर अस्पतालकोको भवनमा मार्वल र टायल्सको परिमाण भवनको शौचालय र सिढिमा मा रहेको हुदा बाकी उपचार कक्षमा पनिङ मात्र रहेको हुँदा उक्त ठाउँमा ठेक्का आइटममा छुट भएको उपचार कक्षमा १९६४/७५ वमि क्षेत्रफलमा टायल्स लगाउनुपर्ने भएकोले प्राविधिक प्रतिवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम पेश भएको भेरिएसन स्वीकृत गर्ने । |
| ५ | आवधिक योजना निर्माण सम्बन्धमा । | कनकाई नगरपालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कोशी प्रदेशको सहकार्यमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत रु ७,००,०००(अक्षरेपी सात लाख मात्र) प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठालने व्यहोर्ने र कनकाई नगरपालिकाको रु ३,००,०००(अक्षरेपी तीन लाख मात्र) लागत साझेदारीमा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्न भएको सम्झौता बमोजिम आवधिक योजना निर्माण प्रकृया अगाडी बढाउने । |
| ६ | बालमैत्री नगर घोषणा कार्यक्रम सम्बन्धमा । | कनकाई नगरपालिकालाई आ.व.२०८१/८२ मा बालमैत्री नगरपालिका घोषणा र र पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्नका लागि आगामी मिति २०८२ साल बैशाख २५ गते नगरपालिकाको स्थापान दिवश अवसरमा बालमैत्री नगरपालिका घोषणा कार्यक्रम आयोजना गरिने भएकाले उक्त कार्यक्रम व्यवस्थापनका लागि तपशीलको समिति गठन गर्ने ।<br>१. संयोजनक- नगर प्रमुख<br>२. सदस्य- नगर उप प्रमुख<br>३. सदस्य- प्रमुख प्रशासकीय अधिकृत<br>४. सदस्य- लिला बहादुर कटुवाल<br>५. सदस्य- नवल दत्त कायस्थ<br>६, सदस्य-सावित्रा बर्देवा<br>~~७. सदस्य-लिला बहादुर कटुवाल~~<br>८. सदस्य सचिव- उमानाथ ढकाल |
| ७ | नेपाल पर्यटन बोर्ड | नेपाल पर्यटन बोर्डबाट कनकाई नगरपालिकाका लागि आ.व २०८१/८२ मा कनकाई क्षेत्रको संस्कृति तथा पर्यापर्यटन विकासका लागि रकम रु ५,००,०००(अक्षरेपि पाँच लाख मात्र) प्राप्त भएको र उक्त स्वीकृत कार्यक्रम तपशीलको योजना कार्यान्वथनका लागि कुल लागतको २० प्रतिशत बजेट (म्याचिङ फन्ड) साझेदारी रकम रु १,००,००० व्यवस्थापन गर्ने र प्रकृया अगाडि बढाउने ।<br>१.कनकाई सामुदायिक वन उपभोक्ता समिति समूह कनपा ३ झापा भित्र इको पार्क निर्माण गर्ने । |

Scanned with CamScanner

<table>
<tr><td>८</td><td>वातावरणमैत्री विधेयक सम्बन्धमा ।</td><td>कनकाई नगरपालिकाको विधायन समितिबाट पेश भएको कनकाई नरपालिकाको वातावरणमैत्री स्थानीय शासन संचालन कार्यविधि,२०८१ स्वीकृत गर्ने ।</td></tr>
<tr><td>९ .</td><td>संङ्गठन तथा सर्वेक्षण सम्बन्धमा ।</td><td>कनकाई नगरपालिकाको संङ्गठन तथा सर्वेक्षण प्रतिवेदन पुनरावलोकन समितिबाट पेश भएको नगर प्रहरी तर्फको तपशीलको संरचनामा परिमार्जन गरि कोशी प्रदेश प्रदेश किताबखानामा पद दर्ताका लागि सिफारिस गर्ने ।
<table>
<tr><th>क्र.स</th><th>पद</th><th>तह</th><th>साविक पद</th><th>थप</th><th>खुद कायम</th></tr>
<tr><td>१</td><td>सहायकस्तर</td><td>चौथो</td><td>-</td><td>१</td><td>१</td></tr>
<tr><td>२</td><td>सहायकस्तर</td><td>तेस्रो</td><td>१</td><td>१</td><td>२</td></tr>
<tr><td>३</td><td>नगर प्रहरी जवान</td><td>श्रेणी विहिन</td><td>३</td><td>३</td><td>६</td></tr>
<tr><td></td><td colspan="2">कुल जम्मा</td><td>४</td><td>५</td><td>९</td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td>संस्था दर्ता र (घ) वर्गको इजाजत सम्बन्धमा ।</td><td>कनकाई नगरपालिकाको कनकाई नगर संस्था दर्ता ऐन २०७८ बमोजिम तपशीलका संस्था दर्ता गर्ने ।<br><br>१.दुर्गा भगवती मन्दिर धार्मिक विकास संस्था क.न.पा.१<br>२.त्रिवेणी युवा क्लब क.न.पा.८<br>कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ तपशीलको निर्माण व्यवसायी इजाजतपत्र दिने ।<br>१.रोयल इम्पेरियल किङ कंन्सट्रक्सन प्रा लि.कनपा ३ झापा ।<br>२. अभियानी बिल्डर्स प्रा लि.कनपा ३ झापा ।</td></tr>
<tr><td>११</td><td>अदालतको फैसला सम्बन्धमा ।</td><td>झापा जिल्ला अदालतमा वादी शोभा दाहाल प्रतिवादी कनकाई नगरपालिका कार्यालय समेत भई चलेको क्षतिपूर्ति भराई पाउँ (मु.नं. 075-cp-१२२९ मुद्दामा झापा जिल्ला अदालतबाट मिति २०७८/९/२८ मा वादीले प्रतिवादीहरूबाट रू. ,३०००००।- (तीन लाख) रूपैयाँ भरी पाउने फैसला भएको तथा उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०८१।0२।१३ मा शुरू झापा जिल्ला अदालतको फैसला सदर हुने फैसाल भई उक्त फैसला कार्यान्वयनका लागि झापा जिल्ला अदालतबाट मुद्दाका प्रतिवादीहरू कनकाई नगरपालिका कार्यालय, कनकाई नगरपालिकाको कार्यकारी प्रमुख, कनकाई नगरपालिका वडा नं. ७ वडा कार्यालय, ऐ.ऐ. वडाका वडाध्यक्ष लिला बहादुर कन्दङ्वा तथा ढल निर्माण उपभोक्ता समितिका अध्यक्ष देवी प्रसाद भट्टराई समेतको नाममा जारी भएको म्याद तथा फैसाल बमोजिम बुझाउनुपर्ने क्षतिपूर्तिको दामासाहीले पर्न आउने रू ६००००।- (साठी हजार) समेत लिई उपस्थित हुनु भनि सूचना समेत तामेल भएकोले मुद्दाका वादी शोभा दाहाललाई कनकाई नगरपालिका कार्यालय--१, कनकाई नगरपालिकाको कार्यकारी प्रमुख--१ कनकाई नगरपालिका वडा नं. ७ वडा कार्यालय--१, ऐ.ऐ. वडाका वडाध्यक्ष लिला बहादुर कन्दङ्वा--१ तथा ढल निर्माण उपभोक्ता समितिका अध्यक्ष देवी प्रसाद भट्टराई--१ समेत गरी जम्मा १ ले भर्नुपर्ने क्षतिपूर्ति रकम रू ३०००००।- (तीन लाख) विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने ।</td></tr>
</table>

Scanned with CamScanner

| | | |
|---|---|---|
| १२ | स्वास्थ्य शिविर सम्बन्धमा। | कनकाई नगरपालिका वडा नं ६ मा निजामति कर्मचारी श्रीमती संघद्वारा आयोजन गरिएको स्वास्थ्य शिविर संचालन गर्दा भएको खर्च रु ५७२७५ चालु विविध खर्चबाट भुक्तानी दिने। |
| १३ | वडा नं ८ को जग्गा सम्बन्धमा। | कनकाई नगरपालिकाको स्वामित्वमा रहेको साविका घैलाडुब्बा गा.वि.स.को नाममा रहेको कि.नं.१२४३ को ज.वि.०-१२-१५.२५ क्षेत्रफल जग्गा तत्कालिन घैलाडुब्बा गा.वि.स.को कार्यालयले मिति २०५९/०२/१३ मा स्थानीय सोम सोरेन सतारबाट रु ३०,००० रकम लिई सो रकमको ब्याजमराने शर्तमा खेतिपाती प्रयोजनको लागि उक्त जग्गा दिएकोमा वडा समितिको मिति २०८१/११/१२ गतेको सर्जीमिन मुचुल्का सहित रकम भुक्तानीको लागि निवेदन साथ वडा कार्यालयको सिफारिस समेत प्राप्त भएकोले निज सोम सोरेन सतारको श्रीमती बडकी सोरेनको नाममा भुक्तानी दिइ जग्गा फिर्ता लिने |
| १४ | समन्वय सम्बन्धमा। | संघ तथा प्रदेश सरकारबाट कनकाई नगरपालिका भित्र संचालन गरिने विकास निर्माणका योजना तथा कार्यक्रमका सम्बन्धमा नगरपालिकासंग समन्वय गरेर मात्र कार्यान्वयन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने। |
| १५ | कोटिहवन जग्गा सम्बन्धमा। | कनकाई नगरपालिका भित्र रहेको सार्वजनिक जग्गा तथा सम्पत्ति संरक्षण सम्बन्धी कानुन निर्माण गर्न कार्यपालिका सदस्य श्री नवल किशोर दत्तको संयोजकत्वमा तीन सदस्य निम्न बमोजिमको समिति निर्माण गरि उक्त समितिले कानुनको मस्यौदा तयार गरि आगमी कार्यपालिकामा पेश गर्ने गरि जिम्मेवारी दिने।<br>१.संयोजकः-श्री नवलिकशोर दत्त<br>२.सदस्यः-श्री रोशन सुवेदी<br>३.सदस्यः-श्री कृष्णमाया भूजेल |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १६ | ठेक्का प्रकृया सम्बन्धमा । | कनकाई नगरपालिकाको आ.व.२०८१/८२ मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) लक्ष्मी मार्ग कालोपत्रे सडक निर्माणका लागि मिति २०८१/०७/१४ गते प्रकाशित विद्युतीय बोलपत्र आह्वान भई रु १,३४,७८,४४०.६३(अक्षरेपि एक करोड चौत्तिस लाख अठ्हत्तर हजार चार सय चालिस त्रिसठ्ठी पैसा) मा निलगणेश कन्स्ट्रक्सन प्रा लि सँग .सम्झौता भई कार्य भइरहेकोमा उक्त सडकको बाँकी कार्यका लागि कालोपत्रे गर्नुपर्ने भएकोले बांकी रहेको विनियोजित रकम रु ६२,८६,५७८ (अक्षरेपी बैसठ्ठी लाख छयासी हजार पाँच सय अठ्हत्तर रुपैया मात्र) बराबरको पुन इ-बिडिङ ठेक्का प्रकृया मार्फत खरिद प्रकृया अगाडी बढाई योजना सम्पन्न गर्ने । |
| १७ | सहयोग सम्बन्धमा । | कनकाई नगरपालिका वडा नं ३ निवासी क्यान्सर रोगलाई जितेर जीवनयापन गर्दै आउनुभएको नमिता बस्नेतको माग निवेदन बमोजिम निज नमिता बस्नेतले मेची देखि महाकाली सम्म साइकल यात्रा गरि कनकाई नगरपालिकाको पहिचान तथा सन्देश दिनका लागि आवश्यक सामाग्री माग गर्नु भएकाले प्रोत्साहन स्वरुप रु ७० हजार युवा खेलकुद तथा नवप्रर्वधन को सि.न.४ को शीर्षकबाट खर्च हुने गरि सामाग्री हस्तान्तरण गर्ने । |

Scanned with CamScanner